सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०५/२९)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं. PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस सुन्दरबजार नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः
(क) योग्यताः सिभिल ईन्जिनियरीङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको
(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ;
- कम्तीमा तीन महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२. दरखास्त दिने स्थानः सुन्दरबजार नगरकार्यपालिकाको कार्यालय
३. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७ असोज १२ गते कार्यालय समय भित्र)
४. आवेदनको दस्तुरः रु. ५००.००
५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता
६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- पासपोर्ट साईजको फोटो २ प्रति

७. सेवा सुविधाः गाउँपालिका/नगरपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।
८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गाउँपालिका/नगरपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।

नोटः आवेदन फारम www.sundarbazarmun.gov.np बाट डाउनलोड गर्न सकिन्छ। साथै प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov मा उपलब्ध छ।

प्रमुख प्रशासकीय अधिकृत

ठाकुर जी तिवारी
प्रमुख प्रशासकीय अधिकृत